# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार १४ गते २०५९ साल (अतिरिक्ताङ्क २८ (अ)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट

भारतको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिर्ता बक्सँदा २०५९ साल असार १४ गते देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

मित्रराष्ट्र भारतका महामहिम राष्ट्रपति श्री के. आर. नारायणन्को मैत्रीपूर्ण निमन्त्रणामा भारतको राजकीय भ्रमण पूरा गरी आज स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

भ्रमणका अवसरमा हामीप्रति दर्शाइएको स्वागत तथा आतिथ्यका लागि हामी महामहिम राष्ट्रपति, भारत सरकार र जनतालाई हार्दिक धन्यवाद दिन्छौं । भारतमा रहँदा राष्ट्रपति श्री के. आर. नारायणन्, प्रधानमन्त्री अटलविहारी बाजपेयी तथा अन्य भारतीय मित्रहरूसंग आपसी हितका बिषयहरूमा भएका हाम्रा भेटवार्ताबाट दुई देशबीच रहिआएको परम्परागत मित्रता र समझदारीलाई अझ प्रगाढ पार्नमा टेवा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुगेको हामीले महसुस गरेका छौं। समानता, मैत्री र सद्भावनाका आधारमा एक अर्काको आकांक्षा र राष्ट्रिय हितको आदर गर्दै आगामी दिनमा दुवै देशबीच निरन्तर सहयोग अभिवृद्धि गर्नमा हाम्रो यस भ्रमण सफल भएको कुरामा हामी विश्वस्त छौं।

यस भ्रमणमा हामीबाट पश्चिम बंगालको कोलकत्ता शहर र आसामको गुवाहटी नगरको भ्रमणका साथै सुप्रसिद्ध कामक्षा माईको पनि दर्शन गर्‍यौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राज-प्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हामी धन्यवाद दिन्छौं। अन्त्यमा, हाम्रा प्यारा देश-वासीले स्वदेशको वृहत्तर हितलाई हृदयङ्गम गरी अनुशासित भई पुऱ्याएको सहयोगका निमित्त पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२२५८